# स्थानिय तहको पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# स्थानीय तहको पशु सेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६

## प्रस्तावना

सिरानचोक गाउँपालिकाको गाउँसभाले पशु सेवा शिर्षक अन्तरगत राखेको वजेटलाई पशु सेवा शाखा मार्फत संचालन हुने कार्यक्रमहरुलाई सुव्यवस्थित, सहज र बैज्ञानिक रुपमा सञ्चालन गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्थानीय तहको पशुसेवा शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सक्षिप्त नाम र परिचय**

यस कार्यविधिको नाम स्थानीयतहको पशुसेवा शाखा बाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ हुनेछ । कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिकाका" भन्नाले सिरानचोक गाउँपालिका सम्झनुपर्दछ ।

ख) "वडा" भन्नाले सिरानचोक गा.पा. मातहतका ८ वटै वडा सम्झनुपर्दछ ।

ग) "अध्यक्ष" भन्नाले सिरानचोक गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ ।

घ) "समिति" भन्नाले प्रस्ताव मूल्याङ्कन समिति, अनुमोदन समिति र कृषि विकास/पशुसेवा समिति सम्झनु पर्दछ।

ङ) "प्रथम पक्ष" भन्नाले सिरानचोक गाउँकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

च) "दोस्रो पक्ष" भन्नाले कृषक समूह/पशु फर्म/कृषि सहकारी/दुग्ध सहकारी आदि लाई सम्झनु पर्दछ।

छ) "सुचना" सुचना भन्नाले गाउँपालिकाको कार्यलय बाट प्रकाशित सुचना सम्झनु पर्दछ।

ज) "शाखा" भन्नाले गाउँपालिकाको कार्यलयको पशु सेवा शाखा सम्झनु पर्दछ।

३. **पशु सेवा शाखाबाट सँचालन हुने कार्यक्रमहरुको उद्धेश्य**

क) गाउँपालकि भित्रको समग्र पशु पालन तथा माछापालन क्षेत्र विस्तार तथा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

ख) बेरोजगार युवाहरुलाइ पशु पालन व्यवसायमा आकर्षण गरी पशुपालनको व्यवसायिकरणमा सहयोग पुर्याउने ।

ग) ग्रामीण क्ष्ोत्रमा रोजगारी सिर्जना गरी कृषकहरुको आयस्तरमा सुधार गर्ने ।

घ) स्थानीय स्तरमा सम्भाव्य पशु पंक्षी एवं माछाको व्यवसायिक उत्पादन, विविधिकरण र बजारीकरणमा सहयोग पुर्याउने ।

### परिच्छेद २

### समिति सम्बन्धि ब्यवस्था

४. पशु/माछा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि सुरुमा प्रस्ताबहरु छनौट गर्नका लागि प्रस्ताब मूल्याङ्कन समिति देहाय बमोजिम गठन हुनेछ ।

क) आर्थिक विकास समितिको संयोजक - अध्यक्ष

ख) गा.पा.अध्यक्षले तोकेको आर्थिक विकास समितिको १ जना सदस्य - सदस्य

ग) योजना वा प्राविधिक शाखाको प्रमुख - सदस्य

घ) पशु सेवा शाखाको कर्मचारी - सदस्य

ङ) पशु सेवा शाखाको प्रमुख - सदस्य सचिव

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

शंभु कुँवर
अध्यक्ष

४.१ मूल्याङकन समितिले निर्णय गर्दा लिइने आधारहरु :

क) वडाको सिफारिस,

ख) वडा कार्यसमितिको वैठकको निर्णय,

ग) पशु सेवा शाखाका कर्मचारीहरुले गरेको स्थलगत निरिक्षण प्रतिवेदन,

घ) लाभान्वित व्यक्ति वा फर्मको प्रस्ताव सहितको निवेदन,

५. पशु/माछा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि मूल्याङ्कन समितिले छनौट गरेको प्रस्तावहरु अनुमोदन गर्नको निम्ती देहाय बमोजिमको समिति रहने छ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास समितिको संयोजक - सदस्य

ङ) पशु सेवा शाखाको प्रमुख - सदस्य सचिव

५.१) प्रस्ताव मूल्याङ्कन समितिले सिफारिस गरेको प्रस्तावनाहरु उपयुक्तता र आवश्यकताको आधारमा निर्णय गर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रकृया

६. ब्यक्ति वा फर्मको सहकार्यमा गाउँपालिकाको पशु सेवा शाखाले खोर, गोठ मर्मत सुधार अनुदान कार्यक्रम देहायको आधारमा संचालन गर्नेछ ।

क. खोर,गोठ मर्मत सुधार अनुदान कार्यक्रम वितरण गर्नका लागि कम्तिमा पनि १५ दिने सुचना प्रकाशन गरी सिरानचोक गाँउपालिका पशु सेवा शाखावाट रप्रत्येक वडा कार्यलयहरु लाइ सुचना प्रदान गरिनेछ ।

ख. सुचना प्रकाशिस गर्नु भन्दा अगावै ब्यबसायिक फम दर्ता गरेका र पशुपालन गर्दै आएका कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

ग. वाख्राको हकमा कम्तिमा २० वटा माउ वाख्रा भएको, गाइ/भैसिको हकमा कम्तिमा ३ दिखि ५ वटा माउ गाइ/भैसि पालेको हुनुपर्नेछ ।

घ. प्रत्येक ब्यबसायिक फर्म वा ब्यक्तिलाइ रु.२००००।- दिइनेछ ।

ङ. मापदण्ड पुरा गरि छनौट भएका कृषकहरुले प्रथम पक्षले तोकेको मापदण्ड र समयसीमा भित्र कार्यसम्पन्न गर्नुपर्दछ ।

च. ब्यवसायिक फर्मलाइ प्राथमिकता दिइनेछ

७. फर्मको सहकार्यमा गाउँपालिकाको पशु सेवा शाखाले मासु पसल सुधार अनुदान कार्यक्रम देहायको आधारमा संचालन गर्नेछ ।

क. मासु पसल सुधार अनुदान सहकार्यमा कार्यका लागि १ बर्ष पहिला देखि फर्म गरि मासु पसल गरेका व्यवसायिक कृषकहरुलाई अनुदानमा विषेश प्राथमिककता दिईनेछ ।

ख. प्राप्त निवेदनहरुलाई प्रस्ताव छनोट समितिले अनुमोदन समितिमा पेश गरी स्वीकृत आयोजनाहरु पशु सेवा शाखाले कार्यान्यिन गर्नेछ ।

ग. उपभोक्तालाइ स्वच्छ र सफा मासु प्रदान गर्ने, कम्तिमा फ्रिजिङ गर्नको लागि डिप फ्रिजको ब्यवस्था भएको ब्यवसायिलाइ प्राथमिकता दिइने छ ।

घ. Steel Less Steel हतियारको प्रयोग गरि मासु काटेर विक्रि वितरण गर्ने मासु ब्यवसायिलाइ प्राथमिकता दिइने छ ।

ङ. दैनिक रुपमा कम्तिमा १० के.जी. मासु विक्रि वितरण गर्ने मासु विक्रेतालाई प्राथमिकता दिइने छ।

राजु गुरुङ
अध्यक्ष

च. प्रत्येक ब्यवसायिक फर्मलाइ रु.२००००। दिइनेछ ।

८. ब्यक्ति वा फर्मको सहकार्यमा गाउँपालिकाको पशु सेवा शाखाले बंगुर खरिद तथा वितरण अनुदान कार्यक्रम देहायको आधारमा संचालन गर्नेछ ।

क. कृषकले ब्यबसायिक फर्म दर्ता गरि बंगुर पालिरहेको हुनुपर्नेछ ।

ख. ब्यबस्थित ढंगबाट बलियो खोर बनाएको ब्यवसायिक बंगुर फर्मलाई. प्राथमिकता दिइने छ ।

ग. बंगुर खरिद तथा वितरण अनुदान कार्यक्रमको लागि भने पशु सेवा शाखाले वंगुरका पाठापाठी खरिद गरि दोस्रो पक्षलाई बुझाउने छ ।

९. **पशु सेवा शाखाले औषधि खरिद तथा ब्यवस्थापन देहाय बमोजिम गर्नेछ ।**

क. औषधि खरिद प्रकृया सार्वजनिक खरिद ऐन, नियमावली अनुसार हुनेछ ।

ख. खरिद प्रकृया पुरा भइसकेका औषधिहरु स्टोरमा रहने छन् ।

ग. औषधि वितरण प्रकृया वडाको हकमा प्राविधिकको माग फारामको आधारमा भएसम्म उपलब्ध गराइने छ ।

घ. गाउँपालिकाबाट बितरण हुने औषधिहरु ब्यबसायिक फर्महरुलाई मागको आधारमा ब्यबसायिक छाप लगाई सकेपछि मात्र दिइने छ ।

ङ. ब्यसायिक फर्मको हकमा चौमासिक रुपमा औषधि बितरण गरिनेछ ।

च. ब्यबसायिक कृषक बाहेक अन्य जिविकोपार्जन गर्ने कृषकको हकमा एक भन्दा बढि पशुहरुलाई औषधि दिइने छैन् ।

छ. बितरण गरिएको औषधि केश रजिष्टरमा चढाइने छ ।

१०. **पशु पंक्षि खोप तथा भ्याक्सिनेटर सम्बन्धी ब्यवस्था**

क. राष्ट्रिय रुपमा बितरण भइ आएका पशु पंक्षिका विभिन्न खोपहरुको सम्बन्धमा पशुसेवा शाखाले तोकेको ग्रा स्वा. प.का.लाइ मात्र भ्याक्सिनेटरमा खोपहरु लगाउने जिम्मा लगाइने छ ।

ख. पशुको खोप लगाउने कार्य गाँउपालिका पशु सेवा शाखा र वडामा रहेका पशु सेवाका प्राविधिकहरुको सहयोग र अनुगमनमा सम्पन्न हनेछ ।

११. **राजश्व सम्बन्धमा**

क. घरपालुवा जनावर दर्ता शुल्क
गाई र भैसी :प्रति पशु रु.२०
भेडा र बाखा/ सुगुर र बंगुर : :प्रति पशु रु.१०
कुकुर र विरालो : :प्रति पशु रु.१५
कुखुरा र परेवा : :प्रति पशु रु.५

ख .पोष्टमार्टम गरे बापतको शुल्क
गाईरभैसी :प्रति पशु रु.२००
भेडा र बाखा/ सुगुर रबंगुर : :प्रति पशु रु.१५०
कुकुर र विरालो : :प्रति पशु रु.१५०
कुखुरा र परेवा : :प्रति पशु रु. ५०

ग . बिमाको मृत्यू प्रमाण पत्र शुल्क
गाई र भैसी :प्रति पशु रु.३००
भेडा र बाखा/ सुगुर रवंगुर : :प्रति पशु रु.२००
कुखुरा र परेवा : :प्रति पशु रु. ५०

घ. जंगलि जनाबरको कारणबाट भएको मृत्यूको क्षतिपुर्ति सिफारिस शुल्क
सबै जनावरको रु. ५००

१२. **पोशिलो उन्नत हिउदे घाँस र बिउ बितरण सम्बन्धी ब्यवस्था :**

सिरानचोक गाउँ कार्यपालिकाको कार्यालय, घ्योप्राक, गोरखा, गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

क. ब्यबसायिक रुपमा दर्ता गरि गाइ/भैसी, भेडा/बाखा पालन गरेका कृषकहरुलाई घाँसको परिमाण हेरी बितरण गरेर बाँकि रहेको घाँस वा घाँसको विउ समुह/सहकारी वा अन्य निर्बाहमुखि कृषकलाई वितरण गर्न सकिने छ ।

ख. घाँस बितरण कार्य ब्यबसायको आकार हेरि घाँसको परिमाण निर्धारण गरिनेछ ।

ग. घाँस बितरण कार्य दामसायी रुपमा हुने छैन ।

घ. घाँस/बिउ वितरण कार्य पुर्णरुपमा सि.गा.पा. पशु सेवा शाखाको मातहतमा हुनेछ ।

**१३. कुखुरा चल्ला. बितरण (विपन्न बर्गमा)**

क. कुखुराको चल्ला वितरण कार्य गाँउपालिका भरिका गरिब, असाहय कृषकको छनौट गरि कुखुराका चल्ला वितरण हुनेछन् ।

ख. चल्ला बितरण कार्य विपन्न बर्गका कृषकको लागि सि.गा.पा.पशु सेवा शाखाले अनुमोदन समितिको निर्णय बमोजिम गर्नेछ ।

**१४. पोशिलो उन्नत बर्ष जरे घाँस/डाले घाँस विउ वितरण**

क. ब्यबसायिक रुपमा दर्ता गरि गाइ/भैसी, भेडा/बाखा पालन गरेका कृषकहरुलाई घाँसको परिमाण हेरी बितरण गरेर बाँकि रहेको घाँस वा घाँसको विउ समुह/सहकारी वा अन्य निर्बाहमुखि कृषकलाई वितरण गर्न सकिनेछ ।

ख. घाँस बितरण कार्य ब्यबसायको आकार हेरि घाँसको परिमाण निर्धारण गरिनेछ ।

ग. घाँस बितरण कार्य दामसाय हुने छैन यो ब्यबसायिमा भर पर्नेछ ।

घ. घाँस/बिउ वितरण कार्य पुर्णरुपमा सि.गा.पा. पशु सेवा शाखाको मातहतमा हुनेछ

**१५. मिल्क करिडोर कार्यक्रम सम्बन्धि ब्यवस्था**

क. कार्यक्रम संचालन सिरानचोक गाँउपालिका भित्रका वडा नं.३,४,५,६,७ र ८ मा यो कार्यक्रम लागु हुनेछ ।

ख. ब्यबसायिक गाई/भैसि पालक कृषकहरु, कृषि सहकारी, दुग्ध सहकारीहरुको दुधको परिमाणको आधारमा चिलिङ भ्याटको ब्यबस्था गरिनेछ ।

ग. दुध उत्पादन गर्ने कृषकलाई एउटा २०-५० लिटरको मिल्क क्यान उपलब्ध गराइनेछ ।

घ. दुग्ध ब्यवसायीको आधारमा गाई, भैसी कृषक पालकहरु, दुग्ध सहकारी, कृषि सहकारी र ब्यवसायीक फर्महरुलाई पशु सेवा शाखाले दुग्ध गाई खरिदमा ४० प्रतिशत अनुदान दिन सक्नेछ ।

घ. दुध संकलन केन्द्र कृषकको पायक पर्ने ठाँउमा स्थापना गरीनेछ ।

ङ. कृषकहरुलाइ गाई/भैसी ढुवानी अनुदान, बिमा, घाँस अनुदान र कृतिम गर्भाधान सेवा प्रदान गरिनेछ।

च. च्यापकटर अनुदान दिइनेछ ।

छ. दुधको मुल्य निर्धारण गर्नका लागि आबस्यक पर्ने सामाग्रि अनुदान दिइनेछ ।

**१६. माछा पालन पोखरी निर्माण अनुदान कार्यक्रम सम्बन्धि ब्यवस्था**

क. पोखरी निर्माण गरे बापत प्रति पोखरी रु. १००००।- कृषकले अनुदान प्रास गर्नेछ ।

ख. पानीको स्रोत भरपर्दो हुनुपर्ने छ ।

ग. ब्यबसायिक माछा पालक कृषकलाइ प्राथमिकता दिईनेछ ।

घ. ब्यवसायिक माछा पालक कृषकलाई भुरा खरिद तथा ढुवानी र तालिमको ब्यवस्था गरिनेछ ।

१७. UMB

ब्यबसायिक:कृषकहरुलाई मात्र वितरण गर्ने

१८. च्यापकटर, स्वाइन क्याचर, डिफ्रिज, ड्याङ्क

यी माथिका उपकरणहरु ब्यसायिक कृषक को समुह ,सहकारीमा मात्र अनुदान स्वरुप दिइनेछ ।

राजु गुरुङ
अध्यक्ष